नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

कर्पोरेट कार्यालय :
तिनकुने, काठमाण्डौं
फोन : ०१-५१९९६६४, ५१९९६६५
Email : info@pfltd.com.np
www.pfltd.com.np

# आन्तरिक सजावट (निर्माण) बारेको १५ दिने शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०४/१३**

यस वित्तीय संस्थाको प्रस्तावित तपसिलमा उल्लेखित स्थानहरुमा शाखा कार्यालयहरुको बिस्तार एवं आन्तरिक संरचना (निर्माण)का कार्यहरु गर्नु पर्ने भएकोले निर्माण कार्यसँग सम्बन्धित अनुभव प्राप्त ईच्छुक फर्म/कम्पनीहरु (सिभिल, इन्टेरियर, फर्निचर, इलेक्ट्रिकल, सिसि टिभी एण्ड नेटवर्किङ, एयरकण्डिशन आदि)बाट यस सूचना प्रथम पटक प्रकाशित भएको मितिले **१५ औं दिनको २:०० बजे** भित्र शिलबन्दी फारम यस वित्तीय संस्थाको तिनकुने, काठमाण्डौ स्थित कर्पोरेट कार्यालयमा दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | शाखाको नाम | शाखा रहने ठेगाना | प्रदेश |
|---|---|---|---|
| १. | बीरगंज | बीरगंज वडा नं. १०, आदर्श नगर, पर्सा | मधेश |
| २. | लालबन्दी | लालबन्दि न.पा वडा नं. ७, सर्लाही | मधेश |
| ३. | जलेश्वर | जलेश्वर न.पा वडा नं. ४, महोत्तरी | मधेश |
| ४. | एदुकुहा | शहिदनगर न.पा वडा नं. ३, धनुषा | मधेश |
| ५. | गोदार | गणेशमान चारनाथ न.पा वडा नं. ५, धनुषा | मधेश |

**बोलपत्र सम्बन्धी अन्य विवरण निम्नानुसार हुनेछ ।**

१. प्रत्येक शाखाको आन्तरिक संरचनाको लागि छुट्टाछुट्टै बोलपत्र फारम यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय, तिनकुनेबाट प्रति बोलपत्र फाराम रु.५०००/-(पाँच हजार) (पछि फिर्ता नहुने) शुल्क भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र फाराममा दररेट उल्लेख गर्दा कुनै केरमेट भएमा उक्त बोलपत्र मान्य हुने छैन ।

३. दररेट उल्लेख गर्दा अंक र अक्षरमा फरक भएमा अक्षरमा उल्लेखित दररेट मान्य हुनेछ ।

४. बोलपत्र फारमको प्रत्येक पानामा फर्मको छाप र आधिकारीक हस्ताक्षर भएको हुनुपर्नेछ ।

५. बोलपत्रसाथ आफूले उल्लेख गरेको कुल रकमको ५%(प्रतिशत) हुन आउने रकम बराबरको 'क', 'ख' वा 'ग' वर्गको बैंक तथा वित्तीय संस्थाबाट जारी भएको विडबण्ड-जमानतपत्र, गुड फर पेमेण्ट चेक वा एनसिसि बैंक, तिनकुने शाखामा रहेको प्रोग्रेशिभ फाइनान्स लि.को खाता नं ०७६०००००८५९०१ मा नगद जम्मा गरेको भौचर समावेश गर्नु पर्नेछ ।

६. बोलपत्रसाथ निवेदन, फर्म कम्पनीको विवरण, बिगतमा बोलपत्रदाताबाट गरेको कार्यको विवरण, फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाणपत्र वा पछिल्लो आर्थिक वर्षको कर दाखिलाको प्रमाण पत्र, कम्पनीसँग सम्बन्धित शेयरधनी लगत, स्थायी लेखा दर्ता नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपिहरु, कालो सूचीमा नपरेको स्वघोषणापत्र तथा विगत ५ वर्षमा कम्तिमा १० वटा बैंक तथा वित्तीय संस्थामा काम गरेको कार्य अनुभवको प्रमाण पेश गर्नु पर्नेछ ।

७. विगत तीन वर्षको कारोबार कम्तीमा ७ करोड वा सो भन्दा माथि रहेको ।

८. कम्पनी संचालनमा आएको कम्तीमा ५ वर्ष पूरा भएको ।

९. कुनै शर्त राखी, म्याद नाघी आएको वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०. प्राप्त भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिन (श्रावण २८, २०७९) अपरान्ह १:०० बजे यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय, तिनकुनेमा बोलपत्र आवेदकको प्रतिनिधिहरुको उपस्थितीमा खोलिनेछ । तर शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फारम बुझाउने अन्तिम दिन वा बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा लगत्तै पछि कार्यालय खुलेको दिन कार्य गरिनेछ ।

११. बोलपत्रदाता र वित्तीय संस्थाबीच कुनै विवाद भएमा वित्तीय संस्थाको निर्णयलाई नै अन्तिम मान्यता दिइनेछ । कुनै शर्त/विवरण/प्रक्रिया/कार्यविवरणको अन्तिम परिभाषा वित्तीय संस्थाले नै गर्नेछ ।

१२. प्राप्त बोलपत्र स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने वा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा निहित रहनेछ ।

१३. यो सूचनामा छुट्न गएका तथा अन्य विस्तृत शर्त, कार्यविवरण तथा विषयहरु बोलपत्र फाराममा उल्लेख भए अनुसार तथा वित्तीय संस्थाको आर्थिक प्रशासन विनियमावली बमोजिम हुनेछ ।